निर्णय प्रमाणित

अमरगढी नगरपालिका नगर कार्यपालिकाको कार्यालय डडेल्धुरा सुदूरपश्चिम प्रदेश, नेपाल

आ.व.: २०८१।०८२, बैठक संख्या:- ९

मिति २०८१।१०।११ गते, दिनको १:०० बजे

अमरगढी नगरपालिकाका प्रमुख श्री डिल्लीराज जोशीको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक तपशिल बमोजिमका कार्यपालिकाका सदस्यहरुको उपस्थितिमा बसी बिभिन्न प्रस्तावहरु माथी छलफल गरि निर्णय गरियो ।

**उपस्थिति**

| | | |
|---|---|---|
| श्री डिल्लीराज जोशी | प्रमुख | अ.न.पा. |
| श्री पार्वती देवी झुकाल | उप प्रमुख | अ.न.पा. |
| श्री लोक वहादुर ऐर | वडा अध्यक्ष | अनपा १ |
| श्री हेमराज पन्त | वडा अध्यक्ष | अनपा २ |
| श्री तिर्थ बहादुर ऐर | वडा अध्यक्ष | अनपा ३ |
| श्री परमानन्द साहु | वडा अध्यक्ष | अनपा ४ |
| श्री टंक वहादुर क्षेत्री | वडा अध्यक्ष | अनपा ५ |
| श्री केवी ताम्राकार | वडा अध्यक्ष | अनपा ६ |
| श्री खडक वहादुर बोहरा | वडा अध्यक्ष | अनपा ७ |
| श्री नर वहादुर साँकी | वडा अध्यक्ष | अनपा ८ |
| श्री जगत वहादुर महर | वडा अध्यक्ष | अनपा ९ |
| श्री खेम राज भट्ट | वडा अध्यक्ष | अनपा १० |
| श्री धर्म सिंह धानुक | वडा अध्यक्ष | अनपा ११ |
| श्री सुरेश वहादुर टमटा | का.पा.सदस्य | अ.न.पा.१ |
| श्री राधिका जोशी | का.पा.सदस्य | अ.न.पा.२ |
| श्री दिपा कठायत | का.पा.सदस्य | अ.न.पा.३ |
| श्री विष्णु अवस्थी | का.पा.सदस्य | अ.न.पा.५ |
| श्री प्रकाश जेरु | का.पा.सदस्य | अ.न.पा.५ |
| श्री गमदत्त टमटा | का.पा.सदस्य | अ.न.पा.६ |
| श्री विस्रा गैराल | का.पा.सदस्य | अ.न.पा.८ |
| श्री मानमती धामी | का.पा.सदस्य | अ.न.पा.१० |
| श्री लक्ष्मीप्रसाद उपाध्याय | सचिव | अ.न.पा. |

**आमन्त्रीत**

श्री लाल वहादुर साउद आईटी

निर्णय प्रमाणित
प्रमुख प्रशासकीय अधिकृत
२०८१।१०।१९

अमरगढी नगरपालिका नगर कार्यपालिकाको कार्यालय डडेल्धुरा सुदूरपश्चिम प्रदेश, नेपाल

**मिति: २०८१।१०।११ गते, समय: १:०० बजे दिनको , बैठक संख्या: ९**

## कार्यपालिकाको बैठकका निर्णयहरु

**प्रस्ताव नं. १:** अघिलो बैठकका निर्णयहरुको समिक्षा ।

**निर्णय:** अघिलो कार्यपालिका बैठकको निर्णयहरु समिक्षा भयो । कार्यान्वियन हुन बांकी निर्णयहरु तत्काल कार्यान्वन गर्ने ।

**प्रस्ताव नं. २:** योजना सिफारिस गर्ने सम्बन्धमा ।

**निर्णय:** यस नगरपालिका अत्यावस्यक रहेका देहायका योजनाहरुको DPR तयार भइ सकेकाले नगरापलिकाले लागत सहभागिता गर्नु पर्ने १० प्रतिशतले हुन आउने रकम नगरपालिकाले बेर्होने गरि बजेट व्यवस्थाकालागि श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत श्री भारतिय राजदुतावासमा सिफारिस गर्ने ।

क. दमडा छचोडा कोटकांडे खानेपानी तथा सरसफाई योजना,अमरगढी नगरपालिका वडा नं ६ डडेल्धुरा ।

ख. अनारबे खानेपानी तथा सरसफाई योजना, अमरगढी नगरपालिका वडा नं २,४,५ र ८ डडेल्धुरा ।

**प्रस्ताव नं. ३:** बागबजारमा रहेको सामुदायि सेवा केन्द्र (सामुदायिक प्रहरी) को व्यवस्थापन सम्बन्धमा ।

**निर्णय:** यस नगरपालिकाको वडा नं ५ को बागबजारमा रहेको सामुदायिक सेवा केन्द्र (सामुदायिक प्रहरी) र राधाकृष्ण मन्दिरलाई उचित ठाउंमा व्ययस्थापन गर्ने र उक्त स्थान खालि गरि निमार्ण कार्यमा सहजता प्रदान गर्ने ।

**प्रस्ताव नं. ४:** वडा नं २ को गत वर्षको भुक्तानी ।

**निर्णय:** वडा नं २ को गत आवको बजेट कार्यक्रममा रहेको भैरवको मूर्ती निर्माणको कार्य गत आवमा भुक्तानी हुन नसकेकाले सम्बन्धित वडाको सिलिगं र कार्यालयको मिल्दो शिर्षकबाट प्राविधिक विल अनुसार भुक्तानी गर्ने ।

**प्रस्ताव नं. ५:** श्रहलिंग स्वास्थ्य चौकीको मर्मत सम्बन्धमा ।

**निर्णय:** यस नगरपालिका वडा नं १० मा रहेको श्रहलिंग स्वास्थ्य चौकीको छाना मर्मत गर्न पर्ने भएकाले प्राविधिको लइ अनुसार नपुग रकम मर्मत संभार कोषबाट मर्मत गर्ने ।

**प्रस्ताव नं. ६:** वडा कार्यालयको भवन निर्माण कार्यकोलागि जग्गा सम्बन्धमा ।

**निर्णय:** यस नगरपालिका वडा नं ४ को वडा कार्यालय भवन निर्माण गर्न वडा नं ४ मा रहेको देउचडा सामुदायिक बन क्षेत्रको ऐसेलुघारी क्षेत्रमा रहेको खालि जग्गा नेपाल सरकारको नाममा ल्याई वडा कार्यालय भवन निमार्ण प्रयोजन हुने गरि गर्न श्री मालपोत कार्यालय डडेल्धुरालाई अनुरोध गर्ने ।

नगर प्रमुख

CamScanner